आज मिति २०७६.०६.२९ गतेका दिन यस जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गादत्त ओझा ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा तपसिल अनुसारको उपस्थितिमा तपसिल अनुसारको प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १ | श्री दुर्गादत्त ओझा | अध्यक्ष | |
| २ | श्री जमुना बोहरा | उपाध्यक्ष | |
| ३ | श्री भजन सिंह मल्ल | १ नं. वडाध्यक्ष | |
| ४ | श्री मान बहादुर मल्ल | २ नं. वडाध्यक्ष | |
| ५ | श्री दिनेश कुमार मल्ल | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री नन्द राज भट्ट | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री ध्वज बहादुर देउवा | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री लाल बहादुर साउँद | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री केशव नेपाली | कार्यपालिका सदस्य | |
| १० | श्री पम्पा थापा | कार्यपालिका सदस्य | पम्पा |
| ११ | श्री खगिता बि.क. | कार्यपालिका सदस्य | |
| १२ | श्री गौरी ओली | कार्यपालिका सदस्य | |
| १३ | श्री ललिता साउँद | कार्यपालिका सदस्य | |
| १४ | श्री नर बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री समीर भण्डारी | प्र.प्र.अ. | |

अन्य उपस्थिति

श्री हरिदत्त पाण्डेय ना.सु.

प्रस्तावहरु

१. सेती महाकाली बहुमुखी क्याम्पस अनुदान सम्बन्धमा ।
२. समपुरक/विशेष अनुदान सम्बन्धमा ।
३. तिहार मेला व्यवस्थापन सम्बन्धमा ।
४. खेलकुद प्रशिक्षक सम्बन्धमा ।
५. शुभकामना आदानप्रदान सम्बन्धमा ।
६. विविध ।

निर्णय नं.१ : प्रस्ताव नं. १ माथी छलफल गर्दा यस गा.पा. बाट आ.व. २०७६/०७७ का लागि सेती महाकाली बहुमुखी क्याम्पसका लागि विनियोजन गरिएको व्यवस्थापन अनुदानको रकम तलब भत्तामा भुक्तानी गर्न

निर्णय नं. २: (क) प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय सरकारको समपूरक अनुदान सम्बन्धी (दोस्रो संशोधन) कार्यविधि २०७८ बमोजिम यस गाउँपालिकाबाट तयार भएको लागत अनुमान कुल रकम रु १८०१०७४३.७७ मध्ये गाउँपालिकाले जम्मा रकम रु. ९००५३८३.७७ रकम व्यहोर्ने र बाँकी रकम रु. ९००५३६०। संघीय सरकारबाट समपूरक अनुदान रकम माग गर्ने निर्णय गरियो। साथै गाउँपालिकाले व्यहोर्ने रकम आ.व. २०७८/७९ को लागि स्विकृत बजेट अन्तर्गत समपूरक कोषमा विनियोजन गरिएको व्यहोरा समेत जानकारी गराउने निर्णय गरियो।

(ख) प्रस्ताव नं. २ माथि छलफल गर्दा संघीय सरकारको विशेष अनुदानबाट विनियोजन हुने रकमका लागि जोरायल गाउँपालिका १ नं. वडा अन्तर्गत पर्ने घटेश्वर स्वास्थ्य चौकी भवन निर्माणका लागि माग गर्ने निर्णय गरियो। साथै सो को प्राविधिक लागत अनुमान रकम रु ४१,९६,२९९.३८ (एकचालिस लाख छयानब्बे हजार दुई सय उनानसय मात्र) रहेको व्यहोरा समेत अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा जोरायल गा. पा. ४ अन्तर्गत मनाइने भोस्लो तिहार मेला व्यवस्थापनका लागि गाउँपालिकाको आ.व. २०७८/०७९ को भैपरी आउने चालु खर्चबाट भुक्तानी हुने गरी रु २,५०,०००/(दुई लाख पचास हजार मात्र) विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. ४: जोरायल गाउँपालिकामा खेलकुद विकास तथा प्रवर्द्धनका लागि एकजना खेलकुद प्रशिक्षकको लागि विज्ञापन प्रकाशन गर्ने र निजको पारिश्रमिक सुविधा सहायकस्तर पाँचौं सरह हुने निर्णय गरियो।

निर्णय नं. ५: आगामी तिहार २०७८ को पावन अवसरमा यस गा.पा. का आम जनसमुदाय, राजनीतिक दल, कर्मचारी, जनप्रतिनिधि, सुरक्षाकर्मी लगायत सम्पूर्णमा सुख, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि यस बैठकबाट हार्दिक शुभकामना व्यक्त गर्ने निर्णय गरियो।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गा.पा. वडा कार्यालयमा कार्यरत सामाजिक परिचालकहरुको करार म्याद २०७८/७९ प्रस्तावित रकम थप गरी गत विगत आ.व. मा खाइपाई